दिदी नमस्कार
नमस्कार
अनि अब हामी अहिले चाहिँ तपाईंको बारेमा सुन्न भनेर आएका छौं । हामीलाई तपाईंको जीवन कथा होइन आफ्नै अनुभव कस्तो रह्यो के रह्यो भन्नेबारेमा भनिदिनुहोस् न ।

मेरो नाम कमलापति चौधरी हाल मेरो जन्म भएको स्थान अहिले सुनपुर ४ वन पट्टी भन्ने ठाउँमा भएको हो । मेरो बुवाको नाम सीताराम चौधरी थियो । अनि ममीको नाम रोशनी चौधरी छ । अनि अहिलेचाहिँ बुबा बित्नु भएको छ । ममी मात्रै हुनुहुन्छ । म बाह्र वर्षको उमेर हुँदा मैले काशीराम महरा भन्नेको घरमा कमलरी जीवन बिताएकोहुँ । ठूलो भइसकेपछि १८ वर्षको उमेरमा मेरो बिहे भएपछि (आँसु खस्न थाल्छन् ) विवाह भइसकेपछि, विवाह हुने बेलासम्म १२ वर्षको उमेरमा मालिकको घरमा काम गर्दा बाउ आमालाई छोडेर मालिकको घरमा बसेर काम गरे जीवन त्यसरी बिताउँदै बाल्यकाल बित्यो । बाल्यकाल कस्तो हुन्छ भनेर मलाई अनुभव भएन । काम कै भरमा मेरो जीवन १८ वर्ष पुग्यो । १७-१८ बर्ष पुगेपछि मेरो विवाह आमाबुवाले गरिदिनुभयो । बिहे गरेर यहाँ आएँ । मेरो श्रीमानको नाम कन्हैया लाल चौधरी हो। अनि त्यहाँसंग बिहे भएपछि त्यहाँ पनि मालिक कै घरमा कमैया भएर बस्नु भाएको थियो । अनि कमैया बसेपछि मैले चाहिँ त्यहाँ कमैया महिला भएर मालिकको घरमा बिना ज्यालाको काम गर्नुपर्ने बाध्यता थियो । काम गरिसकेपछि दिनभरि मालिकको घरमा गर्ने साँझमा खाना घरमा श्रीमानको बडाको खाना ल्याउने घरमा र बालबच्चालाई यही खाना खुवाएर बास्ने स्थिति थियो यतिबेलाको हाम्रो । त्यो भएपछि जब थरुहट आन्दोलनको सुरुवात भयो थरुहट आन्दोलनको सुरु भएपछि जब थारुलाई मधेशीको सूचीमाहाल्न थाल्यो त्यतिबेला थारु आन्दोलन चर्किएपछि हामी थारु आन्दोलनको यो सँग सँगै मुक्तकमैया भूमिहीन सुकुम्बासीको आन्दोलनसँगै सबै शुरुवात गरेर हामी आन्दोलनतिर लाग्यौं । आन्दोलनतिर लागेपछि अब कमैया प्रथा अन्त्य गर्नुपर्छ भनी हामी पाँच जिल्लाका कमैयाहरु एक भएर हामी आन्दोलनमा लाग्यौ, आन्दोलनमा लागिसके पछि २०५७ साल साउन २ गते मुक्त कमैयाको घोषणा गर्यो सरकारले घोषणा गरिसकेपछि कमैयाहरुको मालिकको घरबाट निस्किएर बाहिर कोही रुखमुनि, त्रिपालको झुपडी मुनि कोही स्कुल चौउरमा गएर बसेका हुम् । त्यतिबेला बस्ने मालिकहरूले पनि कमैया राख्न पाइदैन भनेर उसले पनि घरबाट निकाल्नु पर्यो कमैयालाई र अब कमैयाहरुको घरमा बस्ने मालिकको घरमा बस्ने पाइदैन । अब कहाँ गएर बस्ने भन्ने एक खालको पिर थियो । एक खालको त मुक्त खोज्न गर्यो भनेर खुशी भयौ । अर्कोतिर पिर भैदियो त मालिकले पनि घरमा बस्न दिइएन । अरुतिर गरेर खाने केही थिएन रोजगार त्यसले गर्दा कमैयाहरुको झनै दुःख खेप्नुपरेको त्यतिबेला अनि त्यसपछि दिन प्रतिदिन ज्याला मजदुरी गर्ने ज्याला मजदुरी चल्यो पछि, ज्याला मजदुरी गर्दै आफ्ना बालबच्चालाई हुर्काउँदै आफू-आफ्नो जीवन पाल्दै कुनै पेसा तिर लाग्यौ । मालिकको घरबाट छुटकारा पाएको पछि केही न केही कुरा सहुलियत भएपछि कमैयाहरुको लगायत थारुहरु कमैया भनेकै थारुजस्तो पराई जस्तो थियौं । अरु जात थिएनन् हामी कमैया भनेको थारु कमैया कमलरी भनेकै थारु जातिबढी थिए । त्यही भएर मधेसी सुचिमा हालेपछि हाम्रो पहिचान बचाउनु पर्छ भन्ने हिसाबले हामी थारु जाति आन्दोलनमा लागेका हौं । थारु आन्दोलनमा लागिसकेपछि हामी के भए त अवैध थरुहट आन्दोलनमा लागि सकेपछि आन्दोलनले मात्रै हामीलाई जातीय विभेद हुन्छ भन्ने फेरि आफैंलाई महसुस भयो । अरुलाई भन्न सक्दिन म आफै महसुस गरे । जातीय बिभेद हुन्छ, जातीय आन्दोलन गरेपछि आफ्नो पहिचान बचाउने तर बर्गीय लडाई बन्नुपर्छ भन्ने हिसाबले हामी वर्गीय जो पछाडी परेका पारिएका वर्गहरूका सबैका लागि लड्नुपर्छ । भन्ने मेरो आफ्नो मनमा मानसिकता लागिसकेपछि वर्गीय लडाई लड्नु पर्छ भन्ने हिसाबले मैले २०६४ सालमा मुक्तकमैया महिला जागरण समाजकी जिल्ला अध्यक्ष भए । त्यसपछि लगातार तीन पटक अधिवेशन हुँदापनि समाजले मलाई नै अहिलेसम्म जिल्लाको नेत्रित्वो दिएको छ । अनि त्यसले गर्दा अहिले कमैया महिलाको जिल्ला नेतृत्व गर्दैछु । वर्गीय हिसाबले जुनसुकै वर्गको होस् उनले अन्यमा परेको छ भने उसलाई न्याय दिनुपर्छ भन्ने मान्यता हो र जसले खान पाउँदैन उसलाई खाना दिनुपर्छ जसको आवाज बाहिर निस्किएको छैन उसको आवाज बाहिर आउनुपर्छ जो पीडा भोगिरहेको छ उसले पीडाबाट छुटकारा पाउनु पर्छ भन्ने हिसाबले मैले अहिलेसम्म आन्दोलनमा सरिक छु र महिलाहरु, खासगरी बाल, बालिका महिलाहरु पनि हामी कस्ता ठाउँमा थियौ त हामीलाई के गर्न पर्छ भन्ने त अहिले पनि कहाँ महिलाहरुले कस्तो पीडा भोगिरहनु परेको छ बालबालिकाके अन्य भइरहेको छ । तिनी कुराहरुलाई हामी पत्ता लगाउने त्यो पत्ता लगाई सकेपछि वकालत तिर जाने र कसरी वकालत गर्न सकिन्छ कसरी न्याय दिन सकिन्छ भन्ने हिसाबले अहिले चाहिँ आन्दोलनमै छौं । र आफ्नो पीडा भन्दा खेरी पहिलेको पीडा र अहिलेको पिडा केहि

न केहि अहिले चाहिँ हामी आन्दोलन गर्दागर्दै केहि आफ्नो कुरा बाहिर भन्नसक्ने केही अरुका कुराहरु वकालत गर्न सक्ने हैसियत त भइसकेको अवस्था महसुस चाहिँ आफूलाई हुन्छ । र यस्तै गर्दै जाँदाखेरि यो समाज यो समाजले कसरी जुन सरकारको मूलधार छ सुखी जनता समृद्ध नेपाल भन्ने सबै जनतामा त्यो ँ सबै जनतामा लागु होस् भन्ने हाम्रो आन्दोलनको (नारा) पनि छ । यसै गर्दा हामी सबैले अन्यायबाट छुटकारा पाउनु पर्छ अन्य सहनु हुँदैन भन्ने हामी जो अहिलेसम्म बाहिर निस्किन सक्नु भएको छैन जो अन्याय मै परिरहनु भएको उहाँहरुको दिदीबहिनीहरुलाई पनि हामी त्यही भन्दै बाहिर निस्कनुपर्छ र अन्याय सहनु हुँदैन । अव चाहिँ हामी एक एकमुष्ट एकजुट भएर लाग्नु पर्छ महिला एकअर्कालाई सहयोग गर्नुपर्छ सहयोगको भावना राख्नुपर्छ । भन्ने कुरालाई मान्यता राख्दै हामी आन्दोलनमा उत्रिएका छौं र अहिले पनि हामी जुन भूमिहीन सुकुम्बासीको कुरा पनि छ त्यसमा किनभने हामी विपन्न भएकै कारण, हामी पछाडि भएकै कारण, दुख भएकै कारण, सम्पत्तिको कारणले हो, र शिक्षाको कारणले हो हामी चाहिँ पछाडि छौं भन्ने हामीलाई महसुस हुन्छ । मालिकको घरमा बस्यौ हामीलाइ पढाइ भनेको कस्तो हुन्छ पढ्न पाए के हुन्थ्यो कस्तो हुन्छ भन्ने महसुस भएन त्यतिबेला हामी मालिककै घरमा थियौ । मालिक कै काम गर्न पर्छ मालिकले भनेको मान्नु पर्छ भन्ने हामीलाई त्यति बेला महसुस हुन्थ्यो र त्यहिँ हिसाबले मालिकले भनेको मालिकनीले भनेको काम गर्दै हामीले जीवन बितायौं र अब भनेपछि मान्नु हुँदैन है अन्याय सहनु हुँदैन है भन्ने भएपछि नै अरुलाई अन्याय गर्नु पनि हुँदैन र अन्याय पनि सहनु हुँदैन भन्ने कुरा बुझी सकेपछि त अब हामीले केही न केही गर्नुपर्छ । आफ्नो जीवनको लागि केही न केही गर्नुपर्छ भन्ने मानसिकताको साथ हामी अगाडि बढेका छौं । र अब के गर्ने भन्ने सोचले अब हामीले जुन समुदायको लागि लडिरहेका छौं जुन वर्गको लागि हामी लडिरहेका छौं । ल हाम्रो घर .छ अहिले यस्तो ठाउँमा घर छ हाम्रो यो घर सारेर सरकारले अन्तै कुनै अन्तै दिएको भए हामी सुखी भएर बस्ने थियौ भन्ने भयो एउटा आन्दोलनको पाटो र अब कोहीसँग २ ४ धुर जग्गा छ २, ४ धुर जग्गामा ५ भाई छौं त्यसमा अब कसरी सरकारले व्यवस्थापन गरिदिने भन्ने आन्दोलन सरिक नारा एउटा आवाज गैसके पछि सुकुम्बासीहरुलाई पुर्जा दिनुपर्छ भन्ने मान्यतामा हामीले पुर्जा वितरण गर्नुपर्छ भन्ने कुरा हुँदाहुँदै पनि अहिले चाहिँ सरकारले आयोग त गठन गरी शक्तिशाली आयोग गठन भएको छ भनी सुन्यौ । र त्यो शक्तिशाली आयोग चाहिँ आजभोलि फेरी अर्को सरकार आउँदा खारेज भइसक्यो भने पछि हामीलाइ दुःखको कुरा आयो । यो हामीलाई दुःखको कुरा हो किनभने अब चाहिँ आयोगले पुर्जा दिन्छ भुमिहिन सुकुम्बासी बासीहरुलाई पूर्जाको मालिक भन्छ है जग्गाको मालिक बन्छौ है । भन्ने बेला अब त्यो आयोग खारेज भई सक्यो खारेज भइसकेपछि अब फेरी कति वर्षपछि त्यो पुर्जा पाउने हो त ? गरिबहरु विपन्नहरुको सुकुम्बासी भूमिहीन मुक्तकमैया जस्ता परिवारले कहिले जग्गाको मालिक बन्ने त यो फेरी पनि हाम्रो लागि दुखको कुरो छ । जसले गर्दा अब सरकारका जनता हुँ हामी सरकारले जनतालाई न्याय दिनु पार्छ । र जनतालाई सम्बृद्धि बनाउने प्रत्येक सरकारको प्रत्येक पार्टीको मागपत्र पाटीका प्रति प्रतिबद्धता पत्रहरु थियो यो घोषणापत्र थियो। जनतालाई समृद्धि बनाउन जनता सुखी बनाउँछौं सम्बृद्ध नेपाल सुखी जनता बनाउँछौं भन्ने सबैको घोषणापत्रमा थियो । तर त्यो घोषणापत्र कता गए र थन्कियो अहिले चाहिँ जनताको समस्या हल हुने बेलामा झनै समस्या थपिएको छ । यो आयोग विघटन गर्यो, खारेज गरिदियो त्यसपछि अब चाहिँ जनताहरुले कहिले सुख पाउने होइनन् भन्ने महसुस भएको छ ।

तपाईंले अलिकति म यहाँसम्म अब तपाईले वर्तमान कस्तो अवस्थामा छौं भनेर राम्रोसँग भन्नुभयो । तर केही केही आफ्ना व्यक्तिगत अनुभवहरुको हिसाबले खुलाएर भन्नदिनुस् होइन जस्तै तपाईंले चाहिँ एउटा त जुन अगि चाहिँ हामी कमैया बस्ने क्रमबाट हामी निस्कनु पर्छ भन्ने भावना आयो भनेर भन्नुभयो त्यो भावना तपाईलाई किन आयो होइन कस्तो कस्तो अप्ठ्यारो थियो, धेरै गाह्रो थियो भन्ने कुरा हामीले बुझिसकेका छौँ । आफसे-आफ आयो कि होइन केही कारणहरुले गर्दा आयो कि कसरी महसुस गर्नुभयो, त किन महसुस गर्नुभयो त ?

आफसे- आफ नेताहरुले भन्दा पनि अब जस्तै आफूलाई पीडा भएपछि के गर्नुपर्छ भन्ने विकल्प जसलाई समस्या छ जहाँ समस्या हुन्छ उही समस्याको विकल्प आउँछ भन्ने लाग्यो । त्यसपछि अब हामीले यस्तो अन्याय सहेर बस्नु हुँदैन है । अब भन्ने लाग्यो अब पाँच जिल्लाका कमैयाहरु बसेर हामी बाहिर निस्कनुपर्छ आन्दोलन गर्नुपर्छ र हामी मालिकको घरबाट छुटकारा पाउनुपर्छ भन्ने हिसाबले हामी चाहिँ यसरी आन्दोलनमा लाग्यौं ।

झन्डै झन्डै तपाईंको चाहिँ अब सरकारले उहाहरुलाई बाँड्दाखेरि सैत्तिस हजार परिवारलाई चाहिँ मुक्तकमैयाको रुपमा जग्गाहरु हस्तान्तरण गर्यो होइन भएभरको मान्छे एकैचोटि मिटिङ त गर्नुभएन होला नि त ?

पहिला त दाङ बाँके बर्दिया पाँच जिल्लाका कमैयाहरुको बसेर हामी छलफल गरेयौं छलफल गरिसके पछि अब यसरी जानुपर्छ भन्ने हिसाबले एउटा योजना बनायौ एउटा खाका बनायौं खाका बनाइसकेपछि हामी जब काठमाडौंतिर पैदल हिँडेर हामी हाम्रो अग्रज नेताहरू जो हाम्रो नेतृत्व गर्नुहुन्थ्यो । हाम्रो वर्गीय नेताहरु त्यहाँहरु पैदल हिडर चाहिँ काठमाडौ पुगेर delegation गरेर यो कामको सुरुवात गर्नु भएको हो त्यसपछि हामी जिल्ला जिल्लामा कमिटीहरु गठनगरी क्षेत्रिय कमिटी जिल्ला कमिटी एउटा केन्द्रीय कमिटी देखि जिल्ला, क्षेत्रीय, अनि बस्ती कमिटी गठन गर्दै यसरी लागेका छौँ ।

माओवादी आन्दोलनको बेलामा पनि तपाईं कहाँ हुनुहुन्थ्यो ? कस्तो थियो तपाईंको अनुभव ?

माओवादीको आन्दोलन हुँदाखेरि पनि हामी कमैया कै आन्दोलनमा थियौं । हामी कमैया कै आन्दोलनमा माओवादी र कमैयाहरु सबै संगसंगै आन्दोलनमा गरेका हौं । त्यति बेला उहाँहरु माओवादी भएर निस्किनु भयो होला हामी कमैया भएर निस्केका थियौं । हामी कमैया हुँ अनि त्यहाँ हाम्रो अब कमैयाहरु पनि त्यस्तो अन्याय सहनु भएको छ कमैयाहरुलाई मुक्ति सपोर्ट गर्नुपर्छ भने हिसाबले उहाँहरुले हामीलाई सपोर्ट गर्नुभएको हो ।

तपाईलाई आफ्नो केही व्यक्तिगत अनुभवहरु थाहा छ माओवादी जनयुद्धको बेलामा कस्तो थियो के थियो कहाँ बस्नु हुन्थ्यो ? कस्तो भइराखेको थियो ?

माओवादी जन आन्दोलनको बेलामा त हाम्रो घरमा माओवादीहरु आएर बस्नु भएको हो । किनभने जनआन्दोलन गर्दा खेरि हामीले त माओवादी कस्तो हुनुहुन्छ माओवादीको कोहि कोहिलाई त माओवादी भनेको कोहो मान्छे हुन् कि होइन भन्ने थियो । तर मलाई माओवादी भनेको मान्छे नै हुन् भन्ने लाग्थ्यो । मान्छे नै हुन् किनभने सुरुमा माओवादी आउँदाखेरी हाम्रो घर यहीँ थियो । यहाँ आएर कुलाको ढिकमा बसेर हाम्रो एउटा कुकुर थियो त्यहाँहरुलाई कुकुरले पस्न दिइएन कुकुरको भुक्न थालेपछि उहाँहरु बाहिरै बसेर कराउनु भयो ए दिदी कुकुरले टोक्न लाग्यो हामी गोबर लिएर जाने हो बाटो बिरायौ भने हाम्रो माओवादीसँग सम्पर्क भएको त्यसरी थियो । उहाँहरु आएर हाम्रो घरमा सुत्न भो हामीलाई बास दिनु नदीमा भेल आएछ हामी जान सक्दैनौ रात पर्यो भनेर भन्नु भयो । हामी यो चिज हौ भनेर कुरा हामीलाई भन्नु भएन हामीले बस्न दियौ रातभरि बस्नुभयो बिहान जानी बेलामा हामी जान्छौं है दिदि फेरि फेरि भेट्हुँला भनेर जानुभयो । अनि त्यसपछि केही दिनपछि फेरी आउनुभयो । हामी अस्ति आएका हुँ थाहा पाउँनु भयो चिन्नु भयो । हामीले राती देखेको हो तर तपाईहरु को हुनुहुन्छ भन्ने हामीलाई लागेन भन्ने कुरो भयो । त्यस्तो गर्दै त्यस पछि त्यस्तो गर्दै पछि खाना पकाउन भन्न आउने, कहिले चाहिँ यता उता जाम आन्दोलनमा भन्न आउने त्यस्तो गर्नुहुन्थ्यो । तर त्यो आन्दोलनमा हामी चाहिँ अब हाम्रो लागि हो भन्ने त लाग्यो । तर आन्दोलन भएपछि उहाँहरूको साथ पछि लागेर म बाहिर निस्किन । बाहिर निस्किन जे गर्नु पर्नेछ म आफ्नै संगठनको आन्दोलनमा थिएँ । त्यहीँ मै आधारित भएर गएँ म माओवादीको आन्दोलन लागिन् ।

जनयुद्धको क्रममा थुप्रै किसिमका ज्याजतीहरु देउखुरीमा भए होलान् राज्य पक्षबाट पनि माओवादीको पक्षबाट पनि दुवैतर्फबाट भए तपाईंले ती कुराहरू व्यक्तिगत अनुभव गर्नुभयो कि नाइँ ?

देखे सर हाम्रै घरमा माहिला ससुरो हुनुहुन्थ्यो माइला छोरा युद्धमा जानू भयो ज्यान गुमाउनु भयछे । त्यही हाम्रो घरमा आउने बस्ने मिटिङ गराउने सदस्यताहरु वितरण गर्ने गर्दै हुनुहुन्थ्यो । अनि मलाई माओवादीको सदस्यता लिनु माओवादीको भन्दा खेरी तर मैले सदस्यता लिइन माओवादीको त्यति बेला । अनि म चाहिँ एउटा संगठित सदस्य हुँ । आन्दोलनकर्ता हुँ बाहाक आन्दोलित हुँ म चाहिँ सदस्यले लिदिन । कुनै पार्टीको, कुनै लिदैन म एउटा संगठनको वर्गीय संगठन कोहो मेरो अनि त्यो वर्गीय संगठनको हिसाबले मेरो कमैयाको सदस्यता छ । त्यसलाई मैले आधारित मानेर त्यसैमा म रहे सदस्यता मैले लिइन । अनि त्यो गर्दागर्दै आउँदा हुन् खाना पकाई दिएन भने डर थियो खाना दिएन भने मार्छन् भन्ने थियो । त्यतिबेला डरलाग्ने अनि आफूले पकाएको खाना उहाँहरूलाई खान दिएर आफूले फेरि पकाएर खाइन्थ्यो। आफ्नो बिस्तारामा उहाँहरुलाई सुत्ताएर आफू भुईमा सुतिन्थ्यो यस्तो पनि भयो । त्यो त अनुभव छ र त्यस्तो गर्दागर्दै आउने बस्ने गर्दागर्दै हाम्रो माईला ससुराको माईला छोरा पनि जानुभयो । माईला छोरा गैसकेपछि

हामीलाई गढुवा पुलिसले समातेर चौकी लग्यो । हाम्रो जेठाजु र माइला ससुराले तारिक पनि भोग्नुभयो तीन वर्षसम्म तारीक बोक्नु भयो कुटाई खानु भयो यस्तो पनि भयो । माओवादीको जनआन्दोलनले त । तिनीहरूको छोरा चाहिँ माओवादीमा गयो तिमीहरु पनि माओवादी हौं भनेर समातेर लगेर कुटाई पनि भयो । अहिलेसम्म पनि जेठाजुको बन्दुकको नाली हानेको काम गर्दा अप्ठयारो भयो भने अहिलेसम्म पनि दुखछ । तर देवर बितेपछि ससुराले केहीँ पाउनुभयो राहात तर हाम्रो जेठाजु त्यो कुटाई खाए वापत केही पाउनु भएन । त्यस्तो छ दुःखको कुरा त्यो भयो । अब त्यस्ले तारिक बोकेको थियो नी चौकीमा उसको लागि केही भएन जुन अब ज्यान गुमाउनु भएको थियो नि उसको लागि दश लाख राहात चाहिँ पाउनु भयो हाम्रो जेठाजुले भने पाउनु भएन । छोरा चाहिँ माहिला ससुराको हुनुहुन्थ्यो । कुटाइ खाने जेठाजु चाहिँ हाम्रोमा पर्नु भयो । जेठा तिरका हामी हौं, माहिला ससुराको माहिला छोरा बित्नुभयो । जनआन्दोलनमा माओवादीको द्वन्द्वकालमा त्यो ।

अनि 62–63 को आन्दोलनमा पनि भयो है न आन्दोलनको बेला तपाईं कहाँ हुनुहुन्थ्यो तपाईले कसरी थाहा पाउनुभयो आन्दोलन हुँदैछ भनेर के गर्नु भयो ?

आन्दोलनको बेलामा म गर्भवति थिए सर त्यति म बाहिर निस्किएको थिएन घरमै थिए अब छोराहरु साना-साना थिए । त्यहि भात पकाउने घरको काम गर्ने काम गर्थे । कोहीँ बाहिरी यसो अगाडि निस्केका नेतृत्वहरु हुन्थ्यो त्यतिबेला कहिलेकाहीँ आउनुहुन्थ्यो । केही गर्नुपर्छ भन्नु हुन्थ्यो सुन्दा बुझ्दा कहिलेकाहीँ गइन्थ्यो यता उता गइन्थ्यो कुरा सुन्दा हुँदा मिटिङमा कार्यक्रममा गइन्थ्यो ।

त्यसपछि थरुहट आन्दोलनको बेलामा चाहिँ अझै बढी सक्रिय भएर लाग्नु भयो । अनि थरुहटको कुराकसरी आइपुग्यो तपाईंकोमा ?

जब थरुहटको कुरा आइसकेपछि जब थारुलाई मधेसीको सूचीमा हाल्न थाल्यो । त्यतिबेला अब हामीलाई मधेशी गराउँदैछ है सरकारले अब त हामी थारु-मधेसी हुने भयौं भन्ने भयो जुन हाम्रो अग्रज हुनुहुन्थ्यो । उहाँहरुले यसैगरी हामीलाई यसरी गर्दैछ अब हामी लाग्नुपर्छ सुझावको साथ हामी लाग्यौ थरुहटको आन्दोलनमा लागेको हो हामी । अग्रज भन्नाले पहिला त गंगा थारु हुन्थ्यो,अनि रुक्मणी थारु हुनुहुन्थ्यो, अहिले सभासद हुनुहुन्छ, उहाँहरु हुनुहुन्थ्यो । अब हाम्रो गाउँको अगुवा भन्छौं हामी जो बुद्धिजीवी हुनुहुन्थ्यो । त्यो चाहिँ थारु वर्गका उहाँहरूले भनेर हामीले बुझ्यौ । हामी थारु जातिलाई नै मधेसी सुचीमा हाल्दै छ भन्ने थाहा भएपछि आफुलाई केही कुरा महसुस भयो कि अब मधेसी भनेपछि अब हामी देशी हुने भयौं भन्ने लाग्यो । त्यसपछि आफ्नो पहिचान बचाउनुपर्छ भन्ने लाग्यो गरेर हामी आन्दोलनमा लागेका छौं ।

किन यतिधेरै समस्या तपाईहरुलाई मधेसी-थारू भनेर आखिर यो क्षेत्र त तराईमा नै छ दाङ क्षेत्रहरु सबै तराईमा नै छ त्यो हिसाबले बुझ्छ' मान्छेले के समस्या किन लाग्यो ?

हामीलाई के लाग्यो भने पछि मधेशी सूचीमा हालेपछि अब हामीलाई इन्डिया पठाउँछ कि भन्ने एक खालको त्रास थियो । हामीलाई India बासिन्दा हुन्छौ कि अब थारूको पहिचान हराउँछ हामी मधेसी भए पछि हामी देशी बन्छौ कि भन्ने खाल्को चाहिँ लागेको थियो सर । पछि गएर बुझ्दा खेरि त होइन यो त जातिय लडाईं हो हामी वर्गीय लडाइँ होइन भन्ने लाग्यौ त्यसपछि हामी थरुहट आन्दोलनलाई अलि न्यून गर्यो अहिले हामी वर्गीय लडाईमा छौ ।

त्यो भनेको के हो ?

बर्गीय लडाइँ भनेको विपन्न वर्गको , अनि गरिब, विपन्न पछाडि परेका वर्गहरु को लागी विपन्न वर्गहरुको को नेतृत्व गरेर वर्गीय लडाइँ भनिन्छ । मलाई त्यसरी ‘‘.आएको छ सर ।

अनि तपाईले आफ्नो जुन आन्दोलन भन्नुहुन्छ होइन त्यो आन्दोलन कसरी गर्नुहुन्छ के गर्नुहुन्छ ?

आन्दोलन गरेपछि अब हामी आन्दोलनमा पहिला त अब केही थिएन हामी सडकमा पनि उत्रिन्थ्यौ । हाम्रो माग पूरा गर्नुपर्छ, कमैयाहरुलाई कमैया बसेको छ भने  कमैयालाई २०५८ सालको  कमैया श्रम निषेध ऐनमा चाहिँ अब कमैयाहरुलाई पाँच कठ्ठा जग्गा दिनुपर्छ र कमैयाहरुलाई सेवा सुविधा दिनुपर्छ । कमैयाहरुको बालबालिकालाई निशुल्क शिक्षा दिनुपर्छ भन्ने थियो । त्यो नै हो हाम्रो आन्दोलनको सुरुवात हामीलाई मालिकको घरमा काम गरे बापत हाम्रो बालबालिकालाई निशुल्क शिक्षा हुनुपर्छ भन्ने हामीले पढ्न पाएनौ । हामी मालिकको दास भएर काम गर्यो  तर हामीले पढ्न पाएनौ । हाम्रो बालबालिका चाहिँ निःशुल्क पढ्न पाउनुपर्छ । हामीले पैसा कमाउने बेलामा हामी मालीकको घरमा फोकटमा काम गर्यो नि त । हामी कमैया महिला भनेको त एउटा केही सिनको  नै  मालिकले केही दिएनन् ।  त्यही पशुजस्तै दिनभरि गर्ने खाने अनि सिद्धियो  केही थिएन । अनि जीवन त  त्यसैमा अनि कमाउने समाय चाहिँ मालिककै घरमा बित्यो । आर्थिक कमाउन सकेनौ आज हाम्रो बालबालिकालाई राम्रो शिक्षा दिन सकेनौं । हामीसँग आर्थिक भएन राम्रो शिक्षा दिन सकेनौ । त्यसकारणले हाम्रो बालबच्चालाई शिक्षा निःशुल्क हुनुपर्छ भन्ने हाम्रो माग हो ।

अनि सबै  कमैयाहरूको अवस्था एउटै खाले नराम्रै छ त ? धेरै मान्छेहरूले त्यस्तो छैन भन्नुहुन्छ त ?

त्यसतो सबैको एउटै खालको छ भन्न सकिन्न सर अब कोही कसैको स्वास्थ्य र घरको वातावरण राम्रो भयो भने उहाँहरुले जग्गा पनि  किन सक्नुभएको छ । राम्रो शिक्षादीक्षा पनि दिइसक्नुभएको छ । कोही इञ्जिनियर प्राविधिक पनि वनिसक्नु भएको छ होइन प्राविधिक शिक्षा लिएर कोहिको चाहिँ चेताना कम थियो त्यो पढाई तिर बालबचालाई जोड्न सकेन कमाउन सक्ने क्षमता भएन । उ चाहिँ अझै त्यस्तै अवस्थामा छ सर । कोहिको अब चेतना थियो र पढाइयो लेखायो र कसरी ऊ गर्यो । उ आफूले घरभित्रको Management मिलाएर त्यो बच्चालाई अगाडि बढाइसक्यो होइन त  कोहीको  चाहिँ अझै त्यो भन्दा पनि  जटिल अवस्था छ सर । उ त अब अर्काको घरमा बसेर खाउ भने सरकारले मिनाह गर्दियो बन्द गर्यो । अब उस्ले  केही गरेर खाउँ भने पनि उसँग क्षमता छैन, ऊसँग सिप छैन । पहिला त केहि नभएपनि जमिनदार जे अराउनु हुनुहुन्थ्यो मालिकले त्यहि गरेर खान्थ्यौ नि उसले  आफ्नो बुद्धि विवेकले गर्न सक्दैन त्यस्ता ब्यक्तिको अवस्था झनै जटिल भैसक्यो । केहि चाहिँ अहिले सबै त्यस्तै छन् भन्न सकिन्न सर । किनभने समय परिवर्तनसंगै केही मान्छेले केही गरेर गरिसकेका छन् । कोही पढाइमा भएर जागिरखाँदै छ कोही जग्गा जमिन किनेर घरसर बनाएर राम्रै सेवा सुविधासेवा सुविधा जुन भएको छ त्यो भइसकेछ सर सबै एउटै खालको छौं भन्न सकिँदैन ।

ठीक छ तपाईंलाई केही भन्नु मन छ अरु थप आफ्नोबारेमा ?

अरु  मेरो बारेमा त के भन्नु छ सर  भोगाई आफ्नो त्यही थियो र अहिलेसम्म पनि अब जीवनमा के गर्नुपर्छ भने मान्छे भएर जन्मिसकेपछि केहि न केही गर्नुपर्छ भन्ने लाग्छ । अब के हुन्छ कसरी सकिन्छ त्योचाहिँ हजुरहरूको support भयो भने केही गर्न सकिएला भन्ने आशा पनि छ । अब यो loom संस्था आइसकेपछि महिलाहरूको वकालत गर्ने महिलाहरूको नेतृत्व अब पङ्क्तिको चाहिँ किताब बनाउने भनेर आउनुभाको छ भोलि पल्ट यो किताब हेर्न पाइयोस शुभकामना दिँदै आशा र विश्वास गर्दै म आफ्नो भनाई अहिलेलाई यति छ धेरै कुरा लामो समय बितिसकेपछि धेरै सरसर्ती आउँदैन केही केही भुलेको पनि हुनसक्छ  भोगाई अहिलेचाहिँ  यतिनै सर ल ।

धेरै धेरै धन्यवाद ।
समाप्त